# राष्ट्रिय निर्देशन र यसको उद्देश्य

श्री विश्वबन्धु थापा,
राष्ट्रिय निर्देशनमन्त्री

# राष्ट्रिय निर्देशन र यसको उद्देश्य

(राष्ट्रिय निर्देशन मन्त्री श्री विश्वबन्धु थापाज्यूले प्रशासकीय बोर्डद्वारा ज्येष्ठ १३ गते आयोजित ग्याजेटेड् कर्मचारीहरूको गोष्ठीमा राष्ट्रिय निर्देशनको सम्बन्धमा दिनुभएको प्रवचन)

श्री ५ को सरकार
राष्ट्रिय निर्देशन मन्त्रालय
प्रचार तथा प्रसार विभाग।

# राष्ट्रिय निर्देशन र यसको उद्देश्य

(राष्ट्रिय निर्देशन मन्त्री श्रीविश्वबन्धु थापाज्यूले प्रशासकीय बोर्डद्वारा ज्येष्ठ १३ गते आयोजित ग्याजेटेड् कर्मचारीहरूको गोष्ठीमा राष्ट्रिय निर्देशनको सम्बन्धमा दिनुभएको प्रवचन ।)

राष्ट्रिय निर्देशन मन्त्रालयको काम के हो, सो कुरा मैले यस समूहलाई त्यत्ति बिस्तारमा भन्नु पर्ला जस्तो लाग्दैन, किनभने यहाँ भेला भएका हरेक व्यक्ति जागरूक भएको मैले पाएको छु । राष्ट्रिय निर्देशन मन्त्रालय त्यस्तो विभाग छैन, जुन विभागको नाम लिनेबित्तिकै यस विभागले यस्तो काम गर्दछ भन्ने अन्दाज होस् । शिक्षा–विभागको नाम लिनासाथ यसले गर्ने काम थाहा हुन्छ । तर राष्ट्रिय निर्देशन मन्त्रालयको बारेमा वस्तुतः संकेतमा यतिमात्र भन्न सकिन्छ कि यस विभागले राष्ट्रको हित र भलाइको लागि काम गर्दछ । तसर्थ यसबारे पूर्ण बयान गर्न धेरै समय लाग्दछ, तैपनि संकेतमा म एक दुइ कुरा यहाँहरूको समक्ष भन्दछु । राष्ट्रिय निर्देशन मन्त्रालयले त्यस्तो काम गर्दछ, त्यस्तो किसिमको समस्या सुल्झाउंछ, जुन काम र समस्यामा हामी साराको साजा छ। त्यसैले हामी सबैले राष्ट्रिय निर्देशनलाई पूर्ण सहयोग प्रदान गर्नु पर्दछ ।

**हामीले हाम्रो मनोवृति बदल्नु परेको छ**

२००७ सालपछि वैधानिक संसदीय प्रणालीतर्फ हाम्रो ठलो कोशिश थियो । हो, पार्लियामेण्ट असल भन्ने कुरामा दुइ

मत हुन सक्दैन । तर १०४ वर्षसम्म हामी थिचिएर बस्यौं, हामी नेपालीहरूमा त्यस समयको मनोवृत्ति अझ गएको छैन । हामीमा समानताको भावना र सहनशीलताको ज्यादै कमी छ । यस अवस्थामा अर्कालाई दबाउने प्रवृत्ति भएका, केही पढेका मानिसहरूको हातमा शासन गयो, तर राणा शाहीदेखिको यो हाम्रो पुरानो मनोवृत्ति गएन । राणाशासनमा उनीहरू हामीलाई 'तिमी' भन्दथे । अझसम्म त्यो बानी हाम्रो छंदैछ । उपमाको रूपमा भनूं– अझ पनि हामी कामी, दमाई आदिलाई आफूभन्दा मन्तिरको सम्झन्छौं र उनीहरूलाई 'तं' भन्ने गर्दछौं । गुरुङ तथा लिम्बूहरूको निंति 'तिमी' भन्दा माथिको शब्द प्रयोग गर्दैनौं । देशमा समानताको भावना छैन भने प्रजातन्त्र कसरी आउन सक्दछ । यी सबै कुराको पृष्ठभूमिमा आज हामीले आफ्नो व्यवस्थालाई जान्नु परेको छ।

## राष्ट्रिय निर्देशन साथीको रूपमा

राष्ट्रिय निर्देशन मन्त्रालयले कुनै बुज्रूकले जस्तो बाटो देखाउने काम गर्ने होइन । बालक हिंड्न चाहन्छ, उसमा हिंड्ने ताकत छ, तर त्यो हिड्न जान्दैन । त्यसलाई हिंडाउने काम त्यसको अभिभावकले गर्दछ। राष्ट्रिय निर्देशन मन्त्रालयको काम पनि त्यस्तै अभिभावकको जस्तो हो । त्यसले बाटो देखाउने काम गर्दछ । हरेक वर्ग आफ्नो भलाइ चाहन्छ । गुण पनि हरेक वर्गमा छ, तर त्यो अलमलिएको हुन्छ । त्यसको निम्ति बाटो देखाउनेको जरूरत पर्दछ । विभिन्न राजनीतिक पार्टीका मानिसहरूले विभिन्न वर्गीय संगठनलाई उनीहरूको भलाइको

निम्ति काम गरिदिएको भए यो दश वर्षमा निकै काम भैसक्ने थियो । तर वर्गीय संगठनहरूलाई राजनीतिक पार्टीहरूले आफू माथि उक्लने सिंढीको रूपमा मात्र प्रयोग गरे । त्यस कारणले पनि हामीलाई राष्ट्रिय निर्देशनको जरूरत परेको छ । यो राष्ट्रिय निर्देशन हरेक ठाउंमा साथीको रूपमा रहन्छ ।

## राष्ट्रिय निर्देशन र जागीरदार

म यो संकेत गर्न चाहन्छ, राष्ट्रिय निर्देशन हरेक जागीरदार सित जिम्मेदारी र कर्तव्य के हो भन्ने कुरा चाहन्छ । हामीहरूको बानी यस्तो छ कि अधिकार पाए पनि त्यसको प्रयोग गर्न चाहंदैनौं ।

हाम्रो समाजमा एक दुईवटा दोष छन् । हाम्रो समाजमा आर्थिक अवस्था अनुसार व्यक्तिको मान हुन्छ । पैसा हुनेको बेग्लै मान छ । अर्को कुरा, जश जति आफूले लिने र अपजश जति अरूलाई दिने हाम्रो बानी छ । घूस खाने प्रवृत्ति पनि हाम्रो समाजमा छ । यी सब कुरा हुनाको मुख्य कारण समाजमा पैसावालको मान बढ्ता हुने हुनाले हो । गरीबलाई हेप्ने प्रवृत्ति पनि हामीमा छ, जो साह्रै नराम्रो प्रवृत्ति हो । कसैको मान र इज्जत हुनुपर्दछ त, त्यसको इमान्दारी र योग्यताको आधारमा हुनुपर्दछ । अहिले हामी दुइ समाजका बिरुवा भएका छौं, पुरानो र नयाँ । हामीले आफ्नो आचरण बदल्नुपरेको छ । अहिले राष्ट्रको अगाडि ठूलो समस्या छ । जागीरदारहरूले आज नयाँ जग बसाल्नुपरेको छ । नेपालको उन्नतिमा देशको लागि सकेसंम काम गर्नेछु भन्ने प्रवृत्ति ल्याउनु पर्दछ । जिम्मेदारीबाट उम्कन

खोज्ने हाम्रो प्रवृत्ति जो छ, त्यसलाई छोड्नुपर्दछ । परिवर्तनले मात्र आर्थिक अवस्था सुध्रने होइन, नेपालमा सुख आउने होइन । हरेक जागीरदारले आफ्नो स्थानबाट इमान्दारीसाथ काम गर्दछु भन्ने भावना लिनुभयो भने मात्र काम सप्रन्छ । जनतालाई मन्त्री, सेक्रेटरी, जागीरदार बेस छन् भन्ने कुरामा विश्वास दिलाउन सक्यौं भने देशमा अशान्ति हुनेछैन । मन्त्री भएर या जागीर खाएर मात्र विकास हुन सक्दैन । तपाईंको जिम्मेदारी सबैभन्दा ठूलो छ । तपाईंले गर्नुभएको असल र खराब कामको प्रभाव जनतामा पर्दछ । अचेलका जनता मूर्ख छैनन्, जागरूक छन् । यदि मन्त्री, सचिव तथा जागीरदारहरू इमान्दार छन् भने भोलि जे काम पनि सफल हुन सक्दछ ।

**हालको परिवर्तन-प्रजातान्त्रिक व्यवस्था- पथप्रदर्शक**

राष्ट्रिय निर्देशन मन्त्रालय यावत् मानिसको मनोवृत्ति बदल्न चाहन्छ । संसदीय प्रणाली निःसन्देह राम्रो हो । राम्रो भएर नै त्यो हाम्रो देशमा ल्याइएको थियो । तर, हाम्रो देशमा अहिलेको अवस्थामा राम्रो हुन सकेन । स्वतन्त्रताको नाममा उच्छृङ्खलता आउन थाल्यो । नेपालीहरू एकतामा बाँधिनुको सट्टा अनेकतामा बाँधिन थालिएका थिए । आफ्नो–आफ्नो स्वार्थको लागि कार्य हुन थाल्यो । सौभाग्य हो कि श्री ५ बाट बेलैमा परिवर्तन ल्याइबक्सियो । यो परिवर्तन पनि प्रजातन्त्रकै पुन स्थापनाको निम्ति ल्याइबक्सेको हो । यो कुरा बराबर हामी श्री ५ बाट हुकूम बक्सेको पनि पाउंदछौं । आजसम्म हाम्रो मुलुकमा जनताको सरकार देखिएको छैन । प्रजातन्त्र थियो भन्ने

मानिस स्वार्थी हुन् । जनताको इच्छा पूर्ण नभैकन प्रजातन्त्र पूर्ण हुंदैन । राम्ररी लेखोजोखा गर्ने हो भने, कुनै पनि नेताले वास्तविक प्रजातन्त्रमा विश्वास गरेको थिएन । मैले भनेको कुरा नै सर्वश्रेष्ठ हो भन्दछन् । चुनावमा हार्‍यो भने जनता र कार्यकर्तालाई दोष दिन्छन् । आफ्नो कमजोरी देख्दै–नन् र अर्काको कमजोरी मात्रै औंल्याउँछन् । हरेक पार्टीमा बाहुन, क्षेत्री र नेवारको बोलवाला छ । साँचै भनुँभने पार्टी नै यिनीहरूको छ । नेता कार्यकर्ता पनि यिनीहरू नै छन् । समाज–वादको नारा पनि यिनीहरू नै लगाउँछन्, समानताको भावना हुनु पर्दछ भन्दछन् । तर, बाहुनहरू आफ्नो हात–खुट्टा ढोगाउँछन्, क्षेत्री लठ्ठी तथा खुकुरीले र व्यापारी पैसाले सताउंछन् । हाम्रो उद्देश्य प्रजातान्त्रिक व्यवस्थामा पुग्नु हो । त्यसको जिम्मा राष्ट्रिय निर्देशन मन्त्रालयले लिएको छ । हामीले आफ्नो संकीर्णतालाई बिर्सने बेला भएको छ । यसैमा नेपालीको भलो छ । दुई महान् छिमेकीको बीचमा हामी 'हामी' भएर बस्न सकौं । आज हरेक नेपालीले 'नेपाली' हुनुपरेको छ, नकि बाहुन, क्षेत्री, नेवार आदि । जिन्दगीभर हामी लाहुरे भएर हिड्ने हो कि हामी विशालतामा उठ्ने हो, सोच्नु पर्दछ । देश, नरेश र जनताको भलाइको लागि हामीले एक बाटो भएर हिड्नु–पर्दछ ।

**नेपालीहरूमा एकता र नेपालीमात्रको एउटै लक्ष हुनुपर्दछ**

हरेक विभागका मानिसले आफ्नो विचार, लेख आदि लेखेर छपाउनुपर्दछ । जिन्दगीमा आज एक बाटो र भोलि

अर्को बाटो हिड्नु हुंदैन । पाँच वर्षभित्र हामीले फेरि प्रजातन्त्रमा फर्कनु छ, त्यो फर्कने बाटो राष्ट्रिय निर्देशन मन्त्रालयले दिन्छ । राष्ट्रिय निर्देशन मन्त्रालयले के–के गर्न सक्दछ भन्ने कुरा सोचेर तपाईंहरूले लेखहरू लेखी हामीले कुन बाटो हिडेमा नेपाली जातिको असल होला भन्ने सुझाव दिनुपर्दछ । तपाईंको लेख छापिन्छ । त्यसमा बहस होस् । अनि नेपालको विकास हुनेछ । त्यही बाटोको संकेत राष्ट्रिय निर्देशन मन्त्रालयले गर्न चाहन्छ । एउटै लक्ष र एउटै मार्ग भएमा उन्नति छिटो हुन्छ । उदाहरणको निम्ति भनूं– सिहदरबारको ढोकाको दक्षिणतिरको बाटो अहिले कति शान्तिसित बन्यो, सबैले खुशी भएर बाटो चौडा गर्नको निम्ति जग्गा दिए । अघिको परिस्थितिमा भएको भए कति अशान्ति हुने थियो, कति जुलूस निस्कने थियो । अहिले सजिलै सित त्यो बाटो बनेको छ, यही मनोवृत्ति हामीलाई चाहिएको छ । राष्ट्रिय निर्देशन मन्त्रालयले गर्ने कामको सीमा छैन, यसको सबैसंग सम्बन्ध छ । हरेक स्थान, हरेक मानिस, राजनीतिक सामाजिक, आर्थिक सबै व्यवस्थासित यसको सम्बन्ध छ ।

**देश बनाउन त्याग तपस्या चाहिन्छ**

राष्ट्रिय निर्देशन मन्त्रालय विश्वासले काम गर्न चाहन्छ । हरेक नेपालीको भलाइ होस् भन्नेतर्फ यसले ध्यान दिन्छ । अहिलेको अवस्थामा दुःख पाएर भए तापनि, आधा पेट खाएर भए तापनि नेपाल र नेपालीको निम्ति काम गर्ने बेला छ । नेपालको निंति अहिले त्याग र तपस्या चाहिएको छ ।

–×–

पहिलो पटक, १०००० प्रति
फागुन, २०१८

गोरखापत्र छापाखानामा मुद्रित ।